# गण्डकी प्रदेशको
# आर्थिक गतिविधि अध्ययन

## प्रथम अर्ध-वार्षिक प्रतिवेदन
(आर्थिक वर्ष २०७७/७८)




नेपाल राष्ट्र बैंक
पोखरा कार्यालय
अनुसन्धान इकाई

# भूमिका

नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १२ मा बैंकले समष्टिगत अर्थतन्त्र, वित्तीय बजारको विकास, मुद्राप्रदाय, मूल्य स्थिरता, कर्जाको विस्तार, शोधनान्तर स्थिति तथा विदेशी विनिमय लगायतका विषयमा आफूले गरेका तथ्याङ्कगत विश्लेषणको जानकारी नियमित रुपले प्रकाशन र प्रसारण गर्नुपर्ने व्यवस्था उल्लेख भए अनुरुप बैंकले देशको समष्टिगत आर्थिक तथा वित्तीय क्षेत्रका तथ्याङ्क संकलन, अध्ययन एवम् विश्लेषण गरी सो सम्बन्धी प्रतिवेदन नियमित रुपमा सार्वजनिक गर्दै आएको छ ।

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा रुपान्तरण भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई प्रादेशिक स्तरसम्म पुऱ्याउने अभिप्रायले सबै प्रदेशमा बैंकका प्रादेशिक कार्यालय स्थापना गर्नुका साथै आर्थिक गतिविधि अध्ययनका लागि सबै जिल्लाहरुलाई समेटी सकिएको छ । कार्यक्षेत्र विस्तारसँगै आर्थिक गतिविधि अध्ययन एवम् प्रतिवेदन प्रकाशन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न अवलम्बन गरिएको मार्गदर्शनमा समसामयिक संशोधन गरी **"नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६"** कार्यान्वयनमा ल्याइएको छ । उक्त मार्गदर्शन अनुसार गण्डकी प्रदेशका ११ वटै जिल्लाहरु (कास्की, तनहुँ, लमजुङ, गोरखा, म्याग्दी, बाग्लुङ, स्याङ्जा, पर्वत, नवलपरासी पूर्व, मनाङ र मुस्ताङ) को समग्र आर्थिक तथा वित्तीय अवस्थालाई समेटी यो प्रतिवेदन तयार पारिएको छ ।

गण्डकी प्रदेशका ११ वटै जिल्लाको स्थलगत सर्वेक्षणका माध्यमबाट कृषि, उद्योग, सेवा, पूर्वाधार विकास लगायतका अर्थतन्त्रका प्रमुख क्षेत्रहरुको आर्थिक वर्ष २०७७/७८ को अर्ध-वार्षिक तथ्याङ्क जिल्लागत रुपमा संकलन/प्रशोधन गरी यो प्रतिवेदन तयार पारिएको छ । क्षेत्रगत आर्थिक गतिविधिको तथ्याङ्कीय अवस्थाका साथै प्रत्येक क्षेत्रमा विद्यमान समस्या/चुनौती र सम्भावनालाई समेत प्रतिवेदनमा प्रस्तुत गरिएको छ । जिल्लास्थित विभिन्न सरकारी कार्यालय, क्षेत्रीय निर्देशनालय एवम् सम्बन्धित परियोजना/उद्योग प्रतिष्ठानबाट प्राप्त तथ्याङ्कका आधारमा जिल्लागत तथा प्रदेशको समग्र अवस्था प्रस्तुत गरिएको छ भने सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा क्षेत्रगत समस्या/चुनौती तथा बाँकी अवधिको परिदृश्य चित्रण गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि अध्ययन मार्गदर्शन, २०७६ कार्यान्वयनमा आएपश्चात् गण्डकी प्रदेशका ११ वटै जिल्लाहरुको अर्ध-वार्षिक तथ्याङ्कलाई समेटी तयार पारिएको यो अध्ययन प्रतिवेदन नीति निर्माता एवम् सम्बन्धित सरोकारवालालाई प्रादेशिक आर्थिक अवस्था, विद्यमान समस्या/चुनौती, सम्भावना एवम् परिदृश्यका बारेमा जानकारी लिन उपयोगी हुने विश्वास गरिएको छ ।

यो प्रतिवेदन तयार पार्न सूचना तथा तथ्याङ्क उपलब्ध गराउनु हुने सरकारी तथा निजी क्षेत्रका कार्यालय एवम् संस्थाहरुप्रति आभार प्रकट गर्दछु । यो प्रतिवेदन तयार पार्न संयोजन गर्नु हुने उप-निर्देशक श्री ढुण्डीराज मिश्रलाई विशेष धन्यवाद दिन चाहन्छु । यसैगरी यो प्रतिवेदन तयार पार्न संलग्न हुनु हुने अनुसन्धान इकाईका सहायक निर्देशकद्वय श्री ऋषिराम ढकाल र श्री यसोधा पोखरेल, प्रधान सहायकद्वय श्री कृष्णप्रसाद खराल र श्री जितेन्द्रराज शाक्यलाई धन्यवाद दिन चाहन्छु ।

**ईश्वरीप्रसाद भट्टराई**
**निर्देशक**

## विषय सूची


| शीर्षक | | | पेज नं. |
|---|---|---|---|
| **आवरण पृष्ठ** | | | |
| **भूमिका** | | | **(क)** |
| **विषय सूची** | | | **(ख)** |
| **तालिका सूची** | | | **(ग)** |
| **चार्ट सूची** | | | **(ग)** |
| **सारांश** | | | **(घ)** |
| **परिच्छेद-१** | **कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति** | | **१-३** |
| | १.१. | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत स्थिति | १ |
| | १.२. | अन्तरप्रदेश तुलना | १ |
| | १.३. | प्रादेशिक, समस्या, चुनौती तथा सम्भावनाहरु | २ |
| **परिच्छेद-२** | **कृषि क्षेत्र** | | **४-८** |
| | २.१ | कृषि उपजले ढाकेको भू-क्षेत्र | ४ |
| | २.२ | कृषि उत्पादन | ५ |
| | २.३ | पशुपंछी, माछा तथा वनजन्य उत्पादन | ६ |
| | २.४ | सिँचाई तथा मौसम | ७ |
| | २.५ | कृषि कर्जा | ७ |
| | २.६ | क्षेत्रगत कृषि कर्जा | ७ |
| | २.७ | कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | ७ |
| **परिच्छेद-३** | **उद्योग क्षेत्र** | | **९-१०** |
| | ३.१ | उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी | ९ |
| | ३.२ | औद्योगिक कर्जा | ९ |
| | ३.३ | क्षेत्रगत औद्योगिक कर्जा | ९ |
| | ३.४ | औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | ९ |
| **परिच्छेद-४** | **सेवा क्षेत्र** | | **११-१४** |
| | ४.१ | पर्यटन | ११ |
| | ४.२ | सार्वजनिक निर्माण तथा रियलस्टेट | ११ |
| | ४.३ | वित्तीय सेवा | ११ |
| | ४.४ | यातायात | १३ |
| | ४.५ | सेवा क्षेत्र कर्जा | १३ |
| | ४.६ | सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | १३ |
| **परिच्छेद-५** | **पूर्वाधार र रोजगारी** | | **१५-१६** |
| | ५.१ | पूर्वाधार क्षेत्र | १५ |
| | ५.२ | पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु | १६ |
| **परिच्छेद-६** | **आर्थिक परिदृष्य** | | **१७** |
| | ६.१ | कृषि उत्पादन | १७ |
| | ६.२ | औद्योगिक उत्पादन | १७ |
| | ६.३ | सेवा क्षेत्र | १७ |
| | ६.४ | पूर्वाधार क्षेत्र | १७ |

## तालिका सूची

**शीर्षक** **पेज नं**


तालिका १.१: प्रादेशिक आर्थिक परिसूचकहरु १


## चार्ट सूची


चार्ट २.१ प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल (हेक्टरमा) ५

चार्ट २.२ प्रमुख कृषि बालीहरुको उत्पादन (मे.टनमा) ६

चार्ट ४.१ कुल निक्षेप र कुल कर्जा (रु.दश लाखमा) १२

# सारांश

## कृषि क्षेत्र

१. आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लाहरु (कास्की, स्याङ्जा, तनहुँ, लमजुङ, गोरखा, बाग्लुङ, म्याग्दी, मनाङ, मुस्ताङ, पर्वत र नवलपरासी (पूर्व) प्रमुख कृषि बालीले ढाकेको क्षेत्रफल २ प्रतिशतले वृद्धि भएको छ । धान, मकै र आलु बालीले ढाकेको क्षेत्रफलमा क्रमशः ०.२५ प्रतिशत, ०.२९ प्रतिशत र १९.६६ प्रतिशतले वृद्धि भएको छ । तेलहनले ढाकेको क्षेत्रफल १.३६ प्रतिशतले वृद्धि भएको छ भने दलहनले ढाकेको क्षेत्रफल १.९३ प्रतिशतले घटेको छ । स्याउ खेती गरिएको क्षेत्रफल १८.९२ प्रतिशत, केरा खेती गरिएको क्षेत्रफल ५.९६ प्रतिशत तथा सुन्तला खेती गरिएको क्षेत्रफल ५.४० प्रतिशतले वृद्धि भएको छ ।

२. समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.७९ प्रतिशतले वृद्धि भएको छ । आलुको उत्पादन २८.५५ प्रतिशत, कोदोको उत्पादन ४.६० प्रतिशत र मकैको उत्पादन १.३० प्रतिशतले वृद्धि भएको छ । तरकारी तथा बागवानी तर्फको उत्पादन १४.८२ र फलफूल तथा मसला बालीको उत्पादन भने ९.७३ प्रतिशतले वृद्धि भएको छ ।

३. पशुजन्य उत्पादनतर्फ; दूध उत्पादन २.७० प्रतिशतले, मासुको उत्पादन ४.५५ प्रतिशतले र माछाको उत्पादन १२.१९ प्रतिशतले वृद्धि भएको छ । वनजन्य उत्पादनतर्फ काठको उत्पादन भने ५१.४५ प्रतिशतले घटेको छ ।

४. २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको कृषि, वन र माछापालन क्षेत्रमा रु.२१ अर्ब ७० करोडको कर्जा लगानी रहेको छ, जुन कुल कर्जा वक्यौताको ७.८४ प्रतिशत हो ।

## उद्योग क्षेत्र

५. समीक्षा अवधिमा अध्ययनमा समेटिएका उद्योगहरुको औसत उत्पादन क्षमता उपयोग ५६.२३ प्रतिशत रहेको छ ।

६. औद्योगिक उत्पादनतर्फ समीक्षा अवधिमा तोरीको तेल, विस्कुट, चकलेट, चाउचाउ र ईटाको उत्पादनमा वृद्धि भएको छ भने प्रशोधित दूध, बियर,चुरोट तथा सिमेन्टको उत्पादनमा ह्रास आएको छ ।

७. २०७७ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको औद्योगिक क्षेत्रमा रु. ५८ अर्ब ५५ करोडको कर्जा लगानी रहेको छ जुन कुल कर्जा वक्यौताको २१.१६ प्रतिशत हो ।

## सेवा क्षेत्र

८. बैंक तथा वित्तीय संस्थाहरुबाट संकलित कुल निक्षेप २०७७ असार मसान्तको तुलनामा १२.०२ प्रतिशतले वृद्धि भई रु. ३ खर्ब ३६ अर्ब ५९ करोड पुगेको छ । त्यसैगरी, कुल कर्जा प्रवाह ११.८९ प्रतिशतले वृद्धि भइ रु. २ खर्ब ७६ अर्ब ७३ करोड पुगेको छ ।

## पूर्वाधार क्षेत्र

९. निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामध्ये पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको कार्य प्रगति करिब ७० प्रतिशत र उत्तर-दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर) को कार्य प्रगति करिव ४२ प्रतिशत रहेको छ ।

१०. मध्य पहाडी लोकमार्गको गोरखा-लमजुङ खण्डको करिब १११ कि.मि.मध्ये २५ प्रतिशत र कास्की-पर्वत-बाग्लुङ खण्डको करिब २४५ कि.मि. मध्ये ६० प्रतिशत कार्य सम्पन्न भएको देखिन्छ ।

# परिच्छेद १

## कृषि, उद्योग र सेवा क्षेत्रको राष्ट्रिय स्थिति

### १.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा#

केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७६/७७ मा गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्यमा) रु. ३ खर्ब ३५ अर्ब रहेको अनुमान छ, जुन राष्ट्रिय अर्थतन्त्रको ८.८९ प्रतिशत हुन आउँछ । उक्त वर्षमा यस प्रदेशको आर्थिक वृद्धिदर २.६८ प्रतिशत रहेको अनुमान छ । आर्थिक वर्ष २०७६/७७ मा देशको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २७.६ प्रतिशत, १४.३ प्रतिशत र ५८.१ प्रतिशत रहेकामा गण्डकी प्रदेशमा यस्तो अंश क्रमशः २९.९ प्रतिशत, १८.५ प्रतिशत र ५१.६ प्रतिशत रहेको अनुमान छ ।

### १.२ अन्तरप्रदेश तुलना#

नेपालका सातवटै प्रदेशहरुको समग्र आर्थिक अवस्था तुलना गर्दा आर्थिक वर्ष २०७६/७७ मा मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सबैभन्दा धेरै हिस्सा (३५.८४ प्रतिशत) बागमती प्रदेशले ओगटेको छ भने सबैभन्दा कम हिस्सा (४.२७ प्रतिशत) कर्णाली प्रदेशको रहेको छ । त्यसपछि राष्ट्रिय अर्थतन्त्रमा धेरै योगदान पुऱ्याउने प्रदेशहरुमा क्रमशः प्रदेश १ (१५.८२ प्रतिशत), लुम्बिनी प्रदेश (१४.१८ प्रतिशत), प्रदेश २ (१३.७८ प्रतिशत), गण्डकी प्रदेश (८.९० प्रतिशत) र सुदूरपश्चिम प्रदेश (७.२१ प्रतिशत) पर्दछन् । गण्डकी प्रदेशको कुल गार्हस्थ्य उत्पादन कर्णाली प्रदेशको भन्दा दोब्बर र बागमती प्रदेशको एक चौथाई जति छ ।

**तालिका १.१: प्रादेशिक आर्थिक परिसूचकहरु**

(आर्थिक वर्ष २०७६/७७)

| आर्थिक परिसूचक | प्रदेश १ | प्रदेश २ | बागमती प्रदेश | गण्डकी प्रदेश | लुम्बिनी प्रदेश | कर्णाली प्रदेश | सुदूरपश्चिम प्रदेश | राष्ट्रिय |
|---|---|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादन (प्रचलित मूल्य, रु.अर्बमा) | ५९६ | ५१९ | १३५० | ३३५ | ५३४ | १६१ | २७२ | ३७६७ |
| कुल गार्हस्थ्य उत्पादनमा अंश (प्रतिशत) | १५.८२ | १३.७८ | ३५.८४ | ८.९० | १४.१८ | ४.२७ | ७.२१ | १००.० |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | ३.४१ | २.२८ | १.२३ | २.६८ | २.०० | ३.५८ | ४.०८ | २.७५ |
| कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | | | | | | | |
| कृषि क्षेत्र | ३७.१ | ४०.० | १३.० | २९.९ | ३३.९ | ३४.२ | ३६.८ | २७.६ |
| उद्योग क्षेत्र | १८.२ | ११.७ | ११.८ | १८.५ | १६.१ | ११.९ | १५.२ | १४.३ |
| सेवा क्षेत्र | ४४.६ | ४८.३ | ७५.२ | ५१.६ | ५०.० | ५३.९ | ४८.० | ५८.१ |

स्रोत : केन्द्रीय तथ्याङ्क विभाग ।

सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) सबैभन्दा बढी अर्थात् ४.०८ प्रतिशत र बागमती प्रदेशको सबैभन्दा कम अर्थात् १.२३ प्रतिशत रहेको अनुमान छ । त्यसपछि आर्थिक वृद्धि बढी हुने प्रदेशहरुमा क्रमशः कर्णाली प्रदेश (३.५६ प्रतिशत), प्रदेश १ (३.४१ प्रतिशत), गण्डकी प्रदेश (२.६८ प्रतिशत), प्रदेश २ (२.२८ प्रतिशत) र लुम्बिनी प्रदेश (२.०० प्रतिशत) रहेका छन् ।

# *केन्द्रीय तथ्याङ्क विभागले आ.व. २०७७/७८ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुमान सार्वजनिक गरिनसकेको हुँदा आ.व. २०७६/७७ को तथ्याङ्कका आधारमा विश्लेषण गरिएको ।*

## १.३ प्रादेशिक समस्या, चुनौती तथा सम्भावनाहरु

गण्डकी प्रदेशमा सडक, जलविद्युत लगायतका आयोजनाहरु समयमै सम्पन्न गर्न पर्याप्त स्रोत/साधन एवम् जनशक्तिको अभाव मुख्य चुनौतीको रुपमा रहेका छन् । यसका अतिरिक्त जलविद्युत आयोजनाहरुमा जग्गा अधिग्रहण तथा मुआब्जा वितरण, परियोजना निर्माणका लागि वनका रुख कटान लगायतका समस्यालाई समयमै सम्पन्न गर्न नसक्दा निर्धारित समयमा निर्माण कार्य प्रारम्भ गर्न समस्या रहेको छ । उत्पादकत्व अभिवृद्धिका माध्यमबाट प्रतिस्पर्धात्मक क्षमता बढाउन कृषि क्षेत्रलाई थप आधुनिकीकरण, व्यावसायिकीकरण, यान्त्रिकीकरण तथा विविधीकरण गर्नुपर्ने चुनौती रहेको छ । अर्कोतर्फ औद्योगिक क्षेत्रको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधार विकास एवम् लगानीमैत्री वातावरणको निर्माणका लागि थप गृहकार्य गर्नुपर्ने आवश्यकता छ । पछिल्लो समयमा विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीले अन्यत्र झै यस प्रदेशको पर्यटन, उद्योग लगायतका क्षेत्रहरुमा पारेको नकारात्मक असरका कारण आय, रोजगारी तथा प्रदेश सरकारको राजस्व प्रभावित हुन गई आगामी दिनमा समग्र आर्थिक गतिविधि विस्तार गरी गरिबी न्यूनीकरण गर्ने कार्य थप चुनौतीपूर्ण बन्ने देखिएको छ ।

आकर्षक पर्यटकीय भू-बनोट भएको गण्डकी प्रदेशमा होटल तथा रेष्टुरेन्ट लगायतका पर्यटनजन्य व्यवसायहरु विस्तार हुने पर्याप्त संभावना रहेको छ । निर्माणाधीन पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कालीगण्डकी कोरिडोर तथा मध्य-पहाडी लोकमार्ग लगायतका परियोजनाहरुको निर्माण कार्य सम्पन्न भएपश्चात् यस प्रदेशको आर्थिक गतिविधि विस्तारले ठूलै फड्को मार्न सक्ने देखिन्छ ।

व्यवसायिक कृषि तथा पशुपालनको लागि उपयुक्त हावापानी तथा भौगोलिक बनावट भएकोले यस प्रदेशमा तरकारी तथा फलफूल उत्पादनका तथा माछापालनको उच्च सम्भावना रहेको छ । पछिल्लो समयमा व्यवसायिक रुपमा सुन्तला, कफी, स्याउ तथा मौरीपालनमा कृषकहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ ।

प्रदेश सरकारले कोभिड-१९ बाट प्रभावित स-साना कृषि उद्यम, उत्पादनमुलक उद्योग तथा पर्यटन लगायतका सेवामुलक व्यवसायलाई जोगाउन, टिकाउन र सुचारु गर्न निर्ब्याजी, सरल र सुलभ कर्जा उपलब्ध गराउने कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । यस्तो कार्यक्रमबाट कोभिड-१९ बाट शिथिल आर्थिक गतिविधिहरु पुनः चलायमान हुने सम्भावना रहेको छ ।

**पर्यटन :**

संसारभर प्रसिद्ध र स्थापित भइसकेका अद्वितीय पर्यटकीय क्षेत्रहरु जस्तैः माछापुच्छ्रे हिमालको छायाँ फेवातालमा देखिने मनोरम दृश्य, सराङकोटबाट देखिने सूर्योदय र सूर्यास्त, तालै तालको शहर पोखरा, दक्षिण एसियाकै नमूना घलेगाँऊ, नेपालकै पहिलो ग्रामीण होम-स्टे सिरुबारी, धार्मिक पर्यटकीय स्थलहरु (मुक्तिनाथ, मौलाकालिका, गलेश्वरधाम, फेवातालको बीचमा रहेको ताल बाराही, गोरखा मनकामना, बाग्लुङ कालिका आदि), विभिन्न स्थानमा निर्माणाधीन तथा अध्ययनका क्रममा रहेका केवलकार (कास्कीको सराङकोट, तनहुँको बन्दिपुर, विरेठाटीदेखि मुक्तिनाथ, पञ्चासे, छोरेपाटनदेखि शान्ति स्तुपासम्म) तथा प्रदेश सरकार र स्थानीय सरकारको सहजीकरण तथा समन्वयमा सामुदायिक होम-स्टे सञ्चालनको अद्वितीय माहोल सिर्जना हुनु, साहसिक पर्यटन (प्याराग्लाइडिङ, संसारकै दोस्रो गहिरो बन्जि जम्पीङ, क्यानोयिङ, जिपलाइन, स्वीङ, अन्नपूर्ण, धौलागिरी र मनास्लु ट्रेक रुट तथा नेपाल-चीन जोडने काली गण्डकी करिडोर हुँदै कोरला सम्मको सडक स्तरोन्नतिको कार्य द्रुत गतिमा अगाडि बढ्नु, आन्तरिक हवाइ उडानहरु पोखरा, मुस्ताङको जोमसोम र मनाङको हुम्डे मार्फत जोडिनु, सन् २०२१ को जुलाइसम्ममा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल सम्पन्न गरी सञ्चालनमा ल्याउने तयारी आदि कारणले यस क्षेत्रको विकासको उच्च सम्भावना रहेको छ ।

**उर्जा :**

गण्डकी प्रदेश अन्य प्रदेशको तुलनामा जलस्रोतमा धनी भएकोले विद्युतको उत्पादनमा ठूलो सम्भावना रहेको छ । यस प्रदेशको स्याङ्जा जिल्लामा १४४ मेगावाटको कालीगण्डकी 'ए' तथा लमजुङ जिल्लामा अपर मर्स्याङदी ५० मेगावाट र मध्य मर्स्याङ्दी ७० मेगावाटका आयोजना सञ्चालनमा छन् भने गोरखा जिल्लाको बुढीगण्डकी १२०० मेगावाट तथा तनहुँ जिल्लाको तनहुँ जलविद्युत १४० मेगावाटका जस्ता जलाशययुक्त आयोजना लगायत अन्य आयोजनाहरु निर्माण शुरु हुने चरणमा छन् भने म्याग्दी जिल्लामा लघु, मझौला, तथा केही ठूला आयोजनाहरु अध्ययनकै क्रममा रहेका छन् ।

**कृषि :**

कृषिमा आधुनिकीकरण परियोजनाको सुरुवात भई सुपरजोन, जोन, ब्लक तथा पकेट क्षेत्र अनुसार यस प्रदेशमा प्राथमिकताका साथ कार्यान्वयन हुनु, प्रदेशले मासु तथा दुग्ध व्यवसाय, सुन्तला, तरकारी, स्याउ, कफी जस्ता उच्च मूल्य पर्ने कृषि उपज उत्पादनमा केन्द्रित हुने नीति लिनु, सेवा क्षेत्रसँगको आबद्धता (Agro-Servie Linkage) बढाई पर्यटन क्षेत्रलाई आवश्यक पर्ने कृषिजन्य उपज आपूर्ति गर्नसक्ने अवस्था रहनु, कृषि ऋणमा सरलीकरण, कृषि बीमा र नयाँ प्रविधिहरुको उपयोग पर्यटन व्यवसायलाई कृषि उत्पादनसँग जोड्न प्रोत्साहन गर्नु आदिले यस क्षेत्रको विकासको उच्च सम्भावना रहेको छ ।

# परिच्छेद २

# कृषि क्षेत्र

## २.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा गण्डकी प्रदेशमा प्रमुख कृषि बालीहरुले ढाकेको क्षेत्रफल करिव २.०० प्रतिशतले वृद्धि भई ५ लाख २६ हजार ८७७ हेक्टर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.२७ प्रतिशतले वृद्धि भएको थियो ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल १.२९ प्रतिशतले वृद्धि भई ४ लाख ७७ हजार ८३४ हेक्टर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.१६ प्रतिशतले वृद्धि भएको थियो । जसमध्ये आलु, गहुँ, कोदो, मकै र धानबालीले ढाकेको क्षेत्रफलमा क्रमशः १९.६६ प्रतिशत, २.२९ प्रतिशत, ०.३२ प्रतिशत, ०.२९ प्रतिशत र ०.२५ प्रतिशतले वृद्धि भएको छ । तेलहनले ढाकेको क्षेत्रफल १.३६ प्रतिशतले वृद्धि भएको छ भने दलहनले ढाकेको क्षेत्रफल १.९३ प्रतिशतले घटेको छ ।


### (ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल १६.३२ प्रतिशतले बढेर २४ हजार ११६ हेक्टर पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ७.०५ प्रतिशतले वृद्धि भएको थियो ।

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा अवधिमा फलफूल तथा मसला बालीले ढाकेको क्षेत्रफल ३.६५ प्रतिशतले वृद्धि भएको छ । फलफूलमध्ये स्याउखेती गरिएको क्षेत्रफल १८.९२ प्रतिशत, केरा खेती गरिएको क्षेत्रफल ५.९६ तथा सुन्तला खेती गरिएको क्षेत्रफल ५.४० प्रतिशत वृद्धि भएको छ भने आँप खेती गरिएको क्षेत्रफलमा ०.४७ प्रतिशतले कमी आएको छ । मसलाजन्य बाली लगाइएको क्षेत्रफल ४.२४ प्रतिशतले वृद्धि भएको छ । मनाङ र मुस्ताङ जिल्लामा उत्पादित स्याउको माग बढ्नुका साथै यातायातको सुविधा समेत पुगेको हुनाले स्याउ खेती प्रति कृषकहरु आकर्षित हुँदै गएको पाइएको छ । पर्वत, बाग्लुङ, म्याग्दीका कृषकहरु व्यवसायिक केरा खेतीमा आकर्षित भएका हुँदा उक्त खेतीको क्षेत्रफलमा वृद्धि भएको हो ।

**जिल्लागत स्थिति** : समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफल गोरखा, म्याग्दी, कास्की, लम्जुङ र बाग्लुङ जिल्लामा बढेको छ भने बाँकी सबै जिल्लामा घटेको छ । तरकारी तथा बागवानीले ढाकेको क्षेत्रफल म्याग्दी जिल्लामा घटेको छ भने अन्य सबै जिल्लामा बढेको छ । त्यसैगरी, फलफूल तथा मसलाजन्य बालीले ढाकेको क्षेत्रफल बाग्लुङ जिल्लामा घटेको छ, स्याङ्जा र पर्वत जिल्लामा यथावत छ भने अन्य बाँकी सबै जिल्लाहरुमा बढेको छ ।




स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्र

## २.२ कृषि उत्पादन

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा प्रमुख कृषि बालीहरुको उत्पादनमा ५.५५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ३.०६ प्रतिशतले वृद्धि भएको थियो । कृषि उपजले ढाकेको भू-क्षेत्र विस्तारको तुलनामा उत्पादनमा भएको उच्च वृद्धिका कारण प्रदेशको कृषि उत्पादकत्व बढेको देखिएको छ ।

### (क) खाद्य तथा अन्य बाली

समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.७९ प्रतिशतले वृद्धि भएको छ । खाद्य तथा अन्य बालीमध्ये आलुको उत्पादन २८.५५ प्रतिशत, कोदोको उत्पादन ४.६० प्रतिशत र मकैको उत्पादन १.३० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष उक्त बालीहरुको उत्पादन क्रमशः २.४९ प्रतिशत, २.४७ प्रतिशत र ३.३७ प्रतिशतले वृद्धि भएको थियो । तेलहनको उत्पादन २.१३ प्रतिशतले वृद्धि भएको छ भने दलहनको उत्पादन २.८३ प्रतिशतले घटेको छ ।


### (ख) तरकारी तथा बागवानी

समीक्षा अवधिमा तरकारीको उत्पादन १४.८२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ३.१० प्रतिशतले वृद्धि भएको थियो । तरकारीको बढ्दो माग धान्न उन्नत जातका बीउ/बिजन प्रयोग हुनुका साथै नयाँ प्रविधिको प्रयोग गरी तरकारी खेती गरिएका कारण तरकारीको समग्र उत्पादन बढेको छ ।

### (ग) फलफूल तथा मसलाजन्य बाली

समीक्षा अवधिमा फलफूल तथा मसलाजन्य बालीको उत्पादन ९.७३ प्रतिशतले वृद्धि भएको छ, जसमध्ये स्याउ, सुन्तला, केरा र आँपको उत्पादन क्रमशः २५.३० प्रतिशत, १९.५५ प्रतिशत, १.३३ प्रतिशत र ०.८१ प्रतिशतले वृद्धि भएको छ । खासगरी मनाङ, मुस्ताङ र बाग्लुङ जिल्लामा यातायात सुविधा सहज हुँदै गएकाले व्यवसायिक स्याउ खेतीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएको हुँदा उत्पादनमा वृद्धि भएको हो । त्यस्तै, पर्वत, बाग्लुङ, म्याग्दी, स्याङ्जा, गोरखा र नवलपरासी (पूर्व) का कृषकहरु व्यवसायिक सुन्तला तथा केरा खेतीमा आकर्षित भएका हुँदा उक्त खेतीको उत्पादनमा वृद्धि भएको हो ।

**जिल्लागत स्थिति :** समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादन म्याग्दी, तनहुँ, नवलपरासी (पूर्व) जिल्लामा घटेको छ भने बाँकी सबै जिल्लामा बढेको छ । तरकारी तथा बागवानीको उत्पादन सबै जिल्लामा बढेको छ । त्यसैगरी, फलफूल तथा मसला बालीको उत्पादन म्याग्दी, पर्वत, मुस्ताङ र बाग्लुङ जिल्लामा घटेको छ भने अन्य सबै जिल्लामा बढेको छ । एप्पल स्काब (Apple Scab) रोगका कारण मुस्ताङ जिल्लामा स्याउको उत्पादनमा केही कमी आए पनि मनाङ जिल्लामा व्यवसायिक स्याउ खेती गरिएको क्षेत्रफल तथा उत्पादन दुबैमा उल्लेख्य वृद्धि भएको छ ।




स्रोत: जिल्लास्थित कृषि ज्ञान केन्द्र

## २.३ पशुपंक्षी, माछा तथा वनजन्य उत्पादन

### (क) प्रमुख पशुपंक्षी तथा माछा

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा दूध उत्पादनमा २.७० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ०.२६ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा मासुको उत्पादन ४.५५ प्रतिशत र माछाको उत्पादन १२.१९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस्तो उत्पादन क्रमशः २.६९ प्रतिशत र ३१.४४ प्रतिशतले वृद्धि भएको थियो । खासगरी बजारमा माछाको बढ्दो मागका कारण कास्की, स्याङ्जा, तनहुँ र म्याग्दी जिल्लाहरुमा व्यवसायिक माछा पालनतर्फ किसानहरु आकर्षित हुँदै गएकाले माछाको उत्पादनमा वृद्धि भएको हो ।

समीक्षा अवधिमा अण्डाको उत्पादन भने ६.९४ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा अण्डाको उत्पादन १२.९० प्रतिशतले बढेको थियो ।

### (ख) वनजन्य उत्पादन

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा यस प्रदेशको वनजन्य उत्पादनमध्ये काठको उत्पादन ५१.४५ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष यस्तो उत्पादन ८.३४ प्रतिशतले बढेको थियो । त्यसैगरी समीक्षा अवधिमा दाउराको उत्पादन ४३.४७ प्रतिशतले घटेको छ । अघिल्लो वर्ष पनि यस्तो उत्पादन १७.२५ प्रतिशतले ह्रास आएको थियो । औषधीजन्य वस्तुको उत्पादन ६५.०५ प्रतिशतले घटेको छ । यद्यपि औषधीजन्य वस्तुको संकलन कार्ययोजना बमोजिम हुने हुँदा वार्षिक कार्ययोजनाको म्याद सकिएको बेला संकलन कार्य शुन्य हुनुका साथै कोभिड-१९ को कारण राष्ट्रिय

वनमा गएर औषधीजन्य वस्तुको संकलन गर्न नसकिएकोले गर्दा पनि तथ्याङ्कमा ठूलो घटबढ हुने गरेको छ ।

## २.४ सिँचाई तथा मौसम

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा गण्डकी प्रदेशको कुल सिञ्चित क्षेत्रफलमा ५.४० प्रतिशतले वृद्धिभई १ लाख ५५ हजार १९१ हेक्टर पुगेको छ । जसमध्ये कुलोबाट सिञ्चित क्षेत्रफल १०.४१ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल २.५० प्रतिशत र पोखरीबाट सिञ्चित क्षेत्रफल ५.५६ प्रतिशतले वृद्धि भएको छ ।

यस प्रदेशको कुल खेतीयोग्य जमिनको ३२.७७ प्रतिशत र कुल खेती गरिएको जमिनको ४२.६१ प्रतिशत भू-भागमा सिँचाई सुविधा पुगेको छ ।

## २.५ कृषि कर्जा

आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित कुल कृषि कर्जा (वक्यौता रकम) २०७७ असार मसान्तको तुलनामा ९.५३ प्रतिशतले वृद्धि भई रु.२१ अर्ब ७० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १८.४८ प्रतिशतले वृद्धि भएको थियो ।

## २.६ क्षेत्रगत कृषि कर्जा

आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशमा कृषि र वन सम्बन्धी शीर्षकमा रु.२१ अर्ब ५१ करोड र मत्स्यपालन व्यवसायमा रु.१९ करोड कर्जा लगानी गरेका छन् । उक्त लगानी गत असार मसान्तको तुलनामा क्रमशः करिब २९ प्रतिशत र करिब २० प्रतिशतले बढी हो । कुल कर्जा लगानीमा कृषि क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा ७.८४ प्रतिशत पुगेको छ । कर्जा बृद्धिको अवस्था हेर्दा नेपाल राष्ट्र बैंकले कृषि क्षेत्रमा लगानी बढाउन जारी गरेका निर्देशनहरुको सकारात्मक प्रभाव देखिएको छ ।

## २.७ कृषि क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

**कृषि क्षेत्रका समस्या तथा चुनौतीहरु**

- कोभिड-१९ को कारण वैदेशिक रोजगारीबाट फर्किएका तथा शहरी क्षेत्रबाट रोजगारी गुमाएकाहरुलाई कृषि क्षेत्रमा आकर्षित गर्न तथा कृषि पेशालाई Economically Rewarding and Socially Prestigious बनाउन कृषि क्षेत्रको थप आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायिकीकरण तथा विविधीकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- अधिकांश भू-भागमा मौसममा आधारित भइ कृषि खेती गर्नुपर्ने बाध्यता विद्यमान छ । यसका लागि पर्याप्त सिँचाई सुविधाको सुनिश्चितता गर्दै कृषि क्षेत्रको उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गर्नुपर्ने चुनौती रहेको छ ।
- खेतीयोग्य, समथर र उर्वर भूमि घडेरी तथा आवासीय प्रयोजनका लागि खण्डीकृत गर्ने प्रवृत्ति बढ्दै गएकोले उर्वर जमिन जोगाउन चुनौती रहेको छ ।
- समयमा नै बीउ-बिजन तथा मलखाद उपलब्ध हुन नसक्नु, कृषि उत्पादनको व्यवस्थित बजार नहुनु, ढुवानीको सहज व्यवस्था नहुनु र बिचौलियाहरुको कृषि उत्पादन बिक्रीमा मनोमानी हुने जस्ता

कारणले कृषकहरुले उत्पादन गरेको कृषि उपजको उचित मूल्य पाउन नसक्ने भएकाले यी समस्यालाई निराकरण गर्नुपर्ने चुनौती रहेको छ ।

- कृषि-बीमा कार्यमा मूल्याङ्कन तथा क्षतिपूर्ति एकिन गर्ने प्रक्रिया लामो तथा झण्झटिलो रहँदै आएको स्थितिमा कृषकहरुलाई अपेक्षित रुपमा बीमाप्रति आकर्षित गर्नुपर्ने चुनौती रहेको छ ।
- जलवायु परिवर्तनका कारण कृषि प्रणालीमा आउनसक्ने समस्या तथा वन्यजन्तुद्वारा हुने गरेको बालीनाली नोक्सानी जस्ता पक्षहरुलाई न्यूनीकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- दूध, माछा, मासु र ऊनको उत्पादनमा मुलुकलाई आत्मनिर्भर बनाउन अझै धेरै प्रोत्साहनमूलक कार्यहरु गर्नुपर्ने चुनौती रहेको छ ।
- आत्मनिर्भर हुन सक्ने कृषि उत्पादनको पहिचान गरी त्यस्ता उत्पादनलाई बढी प्राथमिकतामा राखी सरकारले तोके बमोजिमको सहुलियतपूर्ण ऋण र आवश्यकता अनुसारका तालिमहरु सहज एवम् छिटो छरितो रुपमा प्राप्त हुने गरी कार्यान्वयनमा ल्याउनुपर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ को कारण स्वदेशमा रोजगारी गुमाएका र विदेशबाट फर्किएका श्रमशक्तिलाई कृषि तथा पशुपालन क्षेत्रमा आकर्षित गर्न राज्यले थप सहुलियतपूर्ण कार्यक्रम ल्याएको खण्डमा कृषिमा आत्म निर्भर बन्न सहयोग पुग्ने सम्भावना रहेको छ ।
- मनाङ र मुस्ताङ जिल्लामा व्यवसायिक स्याउ खेती तथा अन्य पहाडी जिल्लाहरु कास्की, स्याङ्जा, गोरखा, बाग्लुङ र पर्वतमा व्यवसायिक सुन्तला खेतीको उच्च सम्भावना रहेको छ ।
- प्रदेशमा रहेका तालतलैया तथा नदीनालाहरुबाट कुलो/नहरमा आधारित आधुनिक सिँचाई सुविधा उपलव्ध गराउन सकिने पर्याप्त सम्भावना रहेको छ ।
- उच्च पहाडी क्षेत्रहरुमा भेडा, च्याङ्ग्रा र चौंरीपालन व्यवसाय प्रवर्द्धन गर्न सकिने उच्च सम्भावना रहेको छ । यस्ता क्षेत्रमा पशुपालन व्यवसाय प्रवर्द्धन भएमा ऊन, दूध, छुर्पी र मासुको उत्पादन समेत वृद्धि हुने देखिन्छ । अन्य जिल्लाहरुमा व्यवसायिक बाखापालन, गाई/भैंसीपालनको सम्भावना रहेको छ ।
- यस प्रदेश अन्तर्गत मनाङ र मुस्ताङ बाहेकका पहाडी क्षेत्रको भू-बनोट सुगम प्रकृतिको भएको तथा सिँचाई सुविधा पुऱ्याउन सकिने समथर (वेंशी) जमिनहरु प्रशस्त मात्रामा रहेकोले व्यवसायिक तरकारी खेती तथा खाद्यान्न बालीको उत्पादन प्रवर्द्धन गर्न सकेमा व्यवसायिक कृषि तथा बजारको उच्च सम्भावना रहेको छ ।
- प्रदेशको पहाडी र उच्च हिमाली क्षेत्रमा जडिबुटीहरुको व्यवसायिक खेती गर्न सकिने उच्च सम्भावना रहेको छ ।
- होटल व्यवसायीहरुलाई स्थानीय कृषि उत्पादन खपत गर्न थप प्रोत्साहन गर्न सकिए कृषि र पर्यटन सेवाबीचको अन्तर आबद्धता बढी दुवै क्षेत्रको विस्तारमा सहयोग पुग्ने सम्भावना रहेको छ ।

# परिच्छेद ३

# उद्योग क्षेत्र

## ३.१ प्रमुख उद्योगहरुको क्षमता उपयोग, उत्पादन तथा प्रत्यक्ष रोजगारी

(क) आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा यस प्रदेश अन्तर्गतका अध्ययनमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ५६.२३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा ती उद्योगहरुको औसत क्षमता उपयोग ५२.९४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाने तेल उद्योगको क्षमता उपयोग ४५.९७ प्रतिशत, प्रशोधित दूधको ९१.५९ प्रतिशत, बिस्कुटको ६०.३६ प्रतिशत, चकलेटको ८२.८३ प्रतिशत, चाउचाउको ४४.३६ प्रतिशत, बियरको ६५.७२ प्रतिशत, चुरोटको ४४.८१ प्रतिशत, ईंटाको ५४.९३ प्रतिशत र सिमेन्ट उद्योगको १५.५३ प्रतिशत रहेको छ ।

(ख) समीक्षा अवधिमा खाद्यान्नमा आधारित उद्योगहरुमध्ये चाउचाउको उत्पादन ९.९५ प्रतिशत, बिस्कुटको उत्पादन ७.१२ प्रतिशत, तोरीको तेलको उत्पादन १.५३ प्रतिशत र चकलेटको उत्पादन १.५० प्रतिशतले वृद्धि भएको छ । उक्त वस्तुहरुको मागमा आएको वृद्धिको परिणामस्वरुप उत्पादनमा वृद्धि भएको हो । समीक्षा अवधिमा ईटाको उत्पादन ३८.८३ प्रतिशत र सिमेन्टको उत्पादन ११.५४ प्रतिशतले बढेको छ तर समीक्षा अवधिमा बियरको उत्पादन २५.६३ प्रतिशत, चुरोटको उत्पादन १५.५२ प्रतिशत र प्रशोधित दूधको उत्पादन ८.७४ प्रतिशतले घटेको छ ।

## ३.२ औद्योगिक कर्जा

आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाहित औद्योगिक कर्जा (बक्यौता रकम) २०७६ असार मसान्तको तुलनामा १७.४७ प्रतिशतले वृद्धि भई कुल रु.५८ अर्ब ५५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १६.१९ प्रतिशतले वृद्धि भएको थियो । कुल कर्जामा औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा २१.१६ प्रतिशत पुगेको छ । नेपाल राष्ट्र बैंकले गरेको विभिन्न नीतिगत व्यवस्थाहरुका कारण औद्योगिक क्षेत्रतर्फ प्रवाहित कर्जामा वृद्धि हुँदै गएको हो ।

## ३.३ क्षेत्रगत औद्योगिक कर्जा स्थिति

आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट औद्योगिक कर्जा शीर्षकमा प्रवाहित कर्जा मध्ये निर्माण उपशीर्षकमा रु.४१ अर्ब, कृषि वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी उपशीर्षकमा रु.७ अर्व २१ करोड र गैर-खाद्य वस्तु उत्पादन सम्बन्धी उपशीर्षकमा रु.६ अर्ब ९२ करोड कर्जा लगानी रहेको छ ।

## ३.४ औद्योगिक क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

**समस्या तथा चुनौतीहरु**

- उत्पादित वस्तुहरुको लागत बढी तथा गुणस्तरमा कमी हुनाले अन्तर्राष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धा गर्न कठिन भइरहेको अवस्था छ । स्वदेशी उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुपर्ने चुनौती छ ।
- उद्योग क्षेत्रमा दक्ष श्रमशक्तिको अभाव रहेको छ । अर्ध-दक्ष तथा दक्ष जनशक्ति वैदेशिक रोजगारीतर्फ आकर्षित हुँदा स्वदेशी उद्योगहरुले प्रायः दक्ष श्रमशक्तिको अभाव खेपिरहनुपर्ने अवस्था रहेको छ ।

- उद्योग स्थापना गर्दा, नवीकरण गर्दा, कर/दस्तुर आदि बुझाउँदा प्रक्रियागत जटिलताहरु रहेका छन् । समय तथा लागत कम गर्न एकल बिन्दु सेवाको कार्यान्वयन एवम् सूचना प्रविधिको उपयोगलाई अधिकतम् प्रवर्द्धन गर्नुपर्ने चुनौती रहेको छ ।
- केही वर्षयता जग्गाको उच्च मूल्य वृद्धिका कारण नयाँ स्थापना हुने क्रममा रहेका उद्योगहरुले उपयुक्त स्थानहरुमा जग्गा पाउन समस्या हुनुको साथै उद्योग स्थापनाको लागत समेत वृद्धि भएको छ ।
- औद्योगिक क्षेत्रहरुमा पूर्वाधार विकास गर्दै उद्योगहरु आकर्षित गर्नुपर्ने चुनौती रहेको छ ।
- पर्याप्त उर्जा आपूर्ति एवम् भरपर्दो सडक यातायातको सुविधा उपलब्ध गराउनुपर्ने चुनौती रहेको छ ।
- पुँजीको अभाव तथा अत्यावश्यक कच्चा पदार्थको अभाव सम्बोधन गर्नुपर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- आधारभूत औद्योगिक उत्पादनमा आत्मनिर्भर वन, कृषि क्षेत्र तथा स्थानीय श्रोत, साधन तथा सीपमा आधारित औद्योगिक उत्पादनमा जोड दिई औद्योगिक उपजको निर्यात तथा आयात प्रतिस्थापन गर्न सक्ने सम्भावना रहेको छ ।
- सहुलियतपूर्ण उर्जा आपूर्तिमार्फत् उद्योगहरुको लागत कम गरी प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्न सकिने सम्भावना रहेको छ ।
- स्वदेशी उत्पादनको प्रयोगलाई प्राथमिकतामा राख्ने तथा सरकारी एवम् गैह्र सरकारी निकायमा हुने आवश्यक सामग्रीको प्रयोगमा स्वदेश मै उत्पादित सामग्रीलाई बढावा दिन सके स्वदेशी उत्पादनको प्रयोग बढ्ने सम्भावना रहेको छ ।
- यस प्रदेशमा मुख्यतः देहाय बमोजिमका उद्योगहरु स्थापना तथा विस्तारको सम्भावना रहेको छ ।
  - कृषि तथा पशुजन्य उत्पादनमा आधारित उद्योगहरु एवम् श्रममा आधारित उद्योगहरु,
  - स्याउ, सुन्तला र कफी भण्डारण, प्रशोधन तथा निकासी गर्ने उद्योगहरु,
  - परम्परागत हस्तकला/मूर्तिकला तथा क्युरियोका सामान उत्पादन गर्ने उद्योगहरु,
  - वनजन्य कच्चा पदार्थ प्रयोग गरी प्रशोधनमा आधारित उद्योग धन्दाहरु,
  - ढुङ्गा, गिटी, बालुवा लगायतका खनिज तथा उत्खनन् सम्बन्धी उद्योगहरु,
  - प्रथम पञ्चवर्षीय योजना अन्तर्गत प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेशको योजनामा "प्रदेशभित्र विभिन्न जिल्लामा युरेनियम, टुर्मालिन, चुनढुङ्गा, फलाम, टाल्क, रातोमाटो लगायतका खनिजजन्य वस्तुको सम्भावना रहेको" उल्लेख गरिएको ।
  - फलाम खानी उत्खनन् तथा प्रशोधन उद्योग ।

# परिच्छेद ४

# सेवा क्षेत्र

## ४.१ पर्यटन

(क) यस प्रदेशमा रहेका पर्यटक स्तरीय होटल तथा लजको संख्या २४.७७ प्रतिशतले ह्रास आई आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा ३२५ कायम हुन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धिदर ७.२० प्रतिशत रहेको थियो । त्यसैगरी, पुस मसान्तमा होटल/लजहरुमा शैया संख्या १५००० मा सीमित हुन पुगेको छ । यो संख्या एक वर्ष अघिको तुलनामा करिब २४ प्रतिशतले कम हो ।

(ख) आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा ३०८ होम-स्टे सञ्चालनमा रहेका छन् । उक्त होम-स्टेहरुमा ३८५० शैया रहेका छन् ।

(ग) उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेशबाट प्राप्त तथ्याङ्क अनुसार समीक्षा अवधिमा यस प्रदेशमा भ्रमणमा आउने विदेशी पर्यटकहरुको संख्या ३०५ रहेको छ । जसमध्ये, भारतबाट आउने पर्यटकको संख्या ८५ र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या २२० रहेको छ ।


## ४.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा यस प्रदेशमा रहेका महानगर/नगरपालिकाहरुबाट स्वीकृत घर/जग्गा रजिष्ट्रेशन संख्या २३ हजार ३२१ पुगेको छ । त्यस्तै, समीक्षा अवधिमा घर जग्गा रजिष्ट्रेशन बापतको राजस्व १२.६१ प्रतिशतले वृद्धि भई रु.९६ करोड ४६ लाख पुगेको छ । समीक्षा अवधिमा घर/भवन स्थायी नक्सा पास संख्या २२९५ कायम रहेको छ जुन अघिल्लो वर्षको सोही अवधिको तुलनामा करिब १० प्रतिशतले कम हो ।

## ४.३ वित्तीय सेवा

(क) आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा यस प्रदेशमा 'क' 'ख' 'ग' र 'घ' वर्गका बैंक तथा वित्तीय संस्थाहरुका शाखा संख्या १३२१ पुगेको छ । बैंक तथा वित्तीय संस्थाका शाखाहरु कास्की जिल्लामा सबैभन्दा बढी अर्थात् ३५३ र मनाङ जिल्लामा सबैभन्दा कम अर्थात् १४ वटा रहेका छन् ।

(ख) २०७७ असार मसान्तको तुलनामा २०७७ पुष मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुले यस प्रदेशबाट परिचालन गरेको कुल निक्षेप १२.०२ प्रतिशतले वृद्धि भई रु.३ खर्ब ३६ अर्ब ५९ करोड पुगेको छ । बैंक तथा वित्तीय संस्थाहरुका शाखा विस्तार, नेपाल सरकारले उपलव्ध गराउने पेन्सन लगायत विभिन्न सुरक्षा भत्ताहरु तथा भारत सरकारले अवकाशप्राप्त सैनिकहरुलाई प्रदान गर्ने पेन्सन बैक खातामार्फत उपलव्ध गराउन थालेकोले निक्षेपमा वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा कुल निक्षेप १६.७८ प्रतिशतले वृद्धि भएको थियो । त्यसैगरी, समीक्षा अवधिमा कुल कर्जा लगानी ११.८९ प्रतिशतले वृद्धि भई रु. २ खर्ब ७६ अर्ब ७३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल कर्जा लगानी १६.१० प्रतिशतले वृद्धि भएको थियो । कुल निक्षेप र कर्जामा गण्डकी प्रदेशको हिस्सा क्रमशः ७.८६ र ७.५७ प्रतिशत रहेको छ ।




स्रोत: नेपाल राष्ट्र बैंक

(ग) आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा यस प्रदेशमा निक्षेपकर्ताहरुको कुल संख्या २०७७ असार मसान्तको तुलनामा ११.२८ प्रतिशतले वृद्धि भई ४० लाख ९७ हजार ८५१ जना पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो वृद्धि १७.७८ प्रतिशत रहेको थियो । माथि उल्लिखित कारणका अतिरिक्त सर्वसाधारणको वित्तीय चेतनामा भएको वृद्धि समेतले गर्दा निक्षेपकर्ताहरुको संख्यामा वृद्धि भएको हो ।

(घ) आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयमार्फत विदेशी मुद्रा सटहीको इजाजतप्राप्त गरेका संस्थाहरुको संख्या १३८ रहेको छ । जसमध्ये, मनिचेन्जर ४४ वटा, होटल/रिसोर्ट ३५ वटा, ट्राभल एजेन्सी २६ वटा, ट्रेकिङ्ग एजेन्सी २८ वटा र अन्यको संख्या ५ रहेका छन् ।

(ङ) आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट यस प्रदेश अन्तर्गतका राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल बैंक लिमिटेडका शाखा कार्यालयहरुमा सञ्चालित ८ वटा नोटकोषहरुमा कुल रु.७ अर्ब ९५ करोड फण्ड ट्रान्सफर भएको छ । अघिल्लो वर्षको यसै अवधिमा कुल रु.७ अर्ब ३६ करोड फण्ड ट्रान्सफर भएको थियो ।

(च) आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयबाट रु.४६ करोड ४८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा यो ७६.३७ प्रतिशतले न्यून हो । अघिल्लो वर्ष रु.१ अर्ब ९६ करोड ६८ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरिद भएको थियो । खरिद भएको कुल परिवर्त्य विदेशी मुद्रामा अमेरिकी डलरको अंश ५८.६० प्रतिशत, युरोको अंश २२.८४ प्रतिशत र बाँकी अन्य विदेशी मुद्राको रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबाट ३२ लाख बराबरको भा.रु. बिक्री भएको छ ।

(छ) २०७७ पुस मसान्तमा गण्डकी प्रदेश अन्तर्गतका जिल्लाहरुमा बचत तथा ऋण सहकारी संस्थाहरुको कुल पुँजी रु.१३ अर्ब ४७ करोड, कुल वचत रु.४६ अर्ब ४९ करोड र कुल कर्जा लगानी रु.५१ अर्ब २४ करोड रहेको छ । यस प्रदेशमा २२९८ बचत तथा ऋण सहकारी संस्थाहरुले ६ हजार ४७४ जनालाई रोजगारी प्रदान गरेका छन् ।

## ४.४ यातायात

२०७७ पुस मसान्तसम्ममा गण्डकी प्रदेश अन्तर्गतका यातायात कार्यालयमा दर्ता भएका यातायात साधनको संख्या ११ हजार ६०७ रहेको छ, जसमध्ये मोटरसाईकलको संख्या ९ हजार ७०० रहेको छ भने अन्य सवारी साधनको संख्या १ हजार ९०७ रहेको छ । अघिल्लो वर्षको सोही मितिमा यातायात साधनको संख्या १७ हजार ९५९ रहेकोमा मोटरसाईकलको संख्या १३ हजार ६९१ रहेको थियो भने अन्य सवारी साधनको संख्या ४ हजार २६८ रहेको थियो । समीक्षा अवधिको अन्त्यसम्ममा यस प्रदेशमा कुल ३ हजार ७४१ कि.मि. सडक निर्माण भएको छ, जसमध्ये कालो पत्रे सडक कुल ७९२ कि.मि. पुगेको छ ।

## ४.५ सेवा क्षेत्र कर्जा

आर्थिक वर्ष २०७७/७८ को पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट यस प्रदेशमा प्रवाहित सेवा क्षेत्र कर्जा (वक्यौता रकम) २०७७ असार मसान्तको तुलनामा १२.८५ प्रतिशतले वृद्धि भई रु. १ खर्ब ७ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा १९.३४ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा सेवा क्षेत्रमा प्रवाहित कुल कर्जामध्ये थोक तथा खुद्रा बिक्रेता शीर्षकमा रु.५१ अर्ब ५५ करोड, वित्त, बीमा तथा अचल सम्पत्ति शीर्षकमा रु.२२ अर्ब ३१ करोड, पर्यटन क्षेत्रमा रु.१७ अर्ब ३३ करोड कर्जा वक्यौता रहेको छ । कुल कर्जामा सेवा क्षेत्रतर्फ प्रवाहित कर्जाको हिस्सा ३८.७८ प्रतिशत पुगेको छ ।

## ४.६ सेवा क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

### समस्या तथा चुनौतीहरु

- विश्वव्यापी कोराना भाइरस (कोभिड-१९)को महामारीबाट यस प्रदेशको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित भएको छ । तसर्थ, आगामी दिनमा पर्यटन क्षेत्रलाई पुनरजीवित गर्नुपर्ने चुनौती रहेको छ ।
- सडक सञ्जालको विस्तारसँगै परम्परागत पदमार्गहरु मासिँदै गएका छन् । सडक सञ्जाल विकासको क्रममा पदमार्गहरु संरक्षण गर्नुपर्ने तथा नयाँ पदमार्गहरु खोजी गर्नुपर्ने चुनौती रहेको छ ।
- पदमार्गहरुमा सुरक्षा व्यवस्था तथा अत्यावश्यक सञ्चार सुविधा एवम् मौसम पूर्वानुमान सूचना प्रणालीको अभाव रहेको छ । यस्ता अत्यावश्यकीय सुविधाको अभावमा सम्भावित समस्याहरु न्यूनीकरण गर्नुपर्ने चुनौती रहेको छ ।
- पर्यटक आगमनको व्यवस्थित तथ्याङ्क राख्न सकिएको छैन । आधिकारिक तथ्याङ्क प्रदायक निकायहरुबीच समन्वयको अभावका कारण पर्यटन सम्बन्धी तथ्याङ्कमा एकरुपता हुन नसक्दा तथ्यमा आधारित नीति तर्जुमा गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- गण्डकी प्रदेशको पोखराबाहेकका अन्य पर्यटकीय स्थानहरुमा पर्यटकस्तरीय होटल/लजहरु पर्याप्त नहुनु, यातायात सुविधा एवम् भौतिक पूर्वाधारहरु भरपर्दो नहुनु लगायतका समस्याहरु विद्यमान रहेका छन् ।
- अध्ययन क्षेत्रका बैंकहरुको कर्जा लगानी उत्पादनशील क्षेत्रमा विस्तार हुन नसक्नु, घर-जग्गामा लगानी केन्द्रित हुँदै जाने प्रवृत्तिका कारण ग्रामीण तथा दूर्गम क्षेत्रमा पर्याप्त मात्रामा वित्तीय पहुँच विस्तार हुन सकेको छैन ।

- कास्की जिल्लामा निक्षेप तथा कर्जा दुवै अधीकेन्द्रित भएको पाइएको छ । कास्की बाहेकका अन्य जिल्लाहरुमा पनि वित्तीय साधनको समुचित वितरणमार्फत आर्थिक गतिविधि चलायमान बनाउनुपर्ने चुनौती रहेको छ ।
- यस प्रदेशमा रहेका बचत तथा ऋण सहकारी संस्थाहरु तथा गैर-सरकारी संस्थाहरुको संख्या तथा कारोबारमा विस्तार भएता पनि यस्ता संस्थाहरुको प्रभावकारी नियमन, निरीक्षण र सुपरिवेक्षण गर्ने निकाय एवम् संयन्त्रको अभावका कारण वित्तीय स्थायित्वमा पर्नसक्ने नकारात्मक प्रभाव न्यूनीकरण गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।
- वित्तीय साक्षरताको कमीका कारण वित्तीय सेवाको माग पक्ष कमजोर रहेको र विद्युतीय कारोवारको दायरा समेत अपेक्षित रुपमा विस्तार हुन नसकेको अवस्थामा वित्तीय साक्षरता एवम् विद्युतीय वित्तीय साक्षरता (Digital Literacy) बढाउनु पर्ने चुनौती रहेको छ ।

**सम्भावनाहरु**

- कोभिड-१९ महामारीको असर समाप्त भइसकेपछि यस प्रदेशमा पर्यटन क्षेत्र सम्बद्ध उद्यम, व्यवसायहरुको उच्च सम्भावना रहेको देखिन्छ ।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण सम्पन्न भएपश्चात् हवाई सेवामार्फत् यस प्रदेशको सोझै सम्बन्ध अन्तर्राष्ट्रिय जगतसँग जोडिन पुग्ने भएकाले पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुग्ने सम्भावना छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी कोरिडोरको निर्माण सम्पन्न भएपश्चात् सडकमार्गबाट चीन र भारतसँग सोझै सम्बन्ध कायम हुने भएकोले भारतीय पर्यटकहरुले यस मार्गको प्रयोग गरी गण्डकी प्रदेशका मुक्तिनाथ लगायत विभिन्न पर्यटकीय स्थलहरु पुग्न अझै सहज हुने देखिन्छ ।
- स्थानीय तहमा आर्थिक गतिविधि विस्तार भएसँगै ग्रामीण भेगसम्म बैंक तथा वित्तीय संस्थाका शाखा विस्तार हुने क्रममा रहेका छन् । समीक्षा अवधिसम्ममा यस प्रदेशका सबै स्थानीय तहहरुमा वाणिज्य बैंकका शाखा स्थापना भइसकेका छन् । ग्रामीण क्षेत्रहरुमा समेत पर्याप्त रुपमा बैंकिङ्ग सेवा उपलब्ध भएपछि आर्थिक गतिविधि लगायत वित्तीय सेवाको पहुँच थप विस्तार हुने सम्भावना रहेको छ ।
- पर्यटकहरुलाई थप आकर्षित गर्दै बसाई अवधि लंब्याउन तालहरुमा अत्याधुनिक Water Show/Water Sports (Jet Boating, Water Skiing, Underwater Scooter, Cruise Dinner) आदि जस्ता मनोरञ्जनात्मक गतिविधिहरुका लागि लगानी बढाउन निजी क्षेत्रलाई प्रोत्साहन गर्न सकिने सम्भावना रहेको छ ।

# परिच्छेद ५

# पूर्वाधार र रोजगारी

## ५.१ पूर्वाधार क्षेत्र

**राष्ट्रिय गौरवका आयोजनाहरु**

(क) **पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल :** २०७८ असारसम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको राष्ट्रिय गौरवको यस आयोजनाको (२०७७ पुष महिनासम्ममा) करिब ७० प्रतिशत निर्माण कार्यसम्पन्न भई अन्तिम चरणको ईक्युपमेन्ट जडान र फिनिसिङ्गको काम भै रहेको छ । यस आयोजनाबाट कुल ३२७ जनाले रोजगारी प्राप्त गरेका छन् । जसमध्ये स्वदेशी कामदारको संख्या १५० छ भने विदेशी कामदारको संख्या १७७ रहेको छ ।

(ख) **बुढीगण्डकी जलविद्युत आयोजना** : गोरखा जिल्लामा निर्माण हुन गइरहेको जलाशययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाको शुरुवाती अनुमानित लागत २५९३ मिलियन युएस डलर (हालको विनिमयदरमा करिब रु. ३ खर्ब ११ अर्ब) रहेको थियो । वर्षायाममा १२०० मेगावाट र सुख्खायाममा न्यूनतम ९१८ मेगावाट उत्पादन क्षमता रहने यस आयोजनाको निर्माण कार्यको मोडालिटी निर्धारण र डुबान क्षेत्रमा जग्गा मुआव्जा वितरणका कामहरु सम्पन्न हुने चरणमा छन् । साथै हाल यस आयोजनाको घर गोठ नाप गर्ने र ग्राउण्ड क्लियरेन्स गर्ने कार्य भइरहेको छ भने यस आयोजनाबाट कुल ३५ जनाले रोजगारी प्राप्त गरेका छन् ।

(ग) **कालीगण्डकी करिडोर :** कुल ४३१ कि.मी. लम्बाई भएको उत्तर-दक्षिण (कालीगण्डकी करिडोर) लोकमार्गको हालसम्म करिब ४२.२५ प्रतिशत मात्र निर्माण कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको छ । राष्ट्रिय गौरवको यस आयोजनाको प्रारम्भिक अनुमानित लागत रु.२४.१ अर्ब रहेको थियो भने आर्थिक वर्ष २०७८/७९ सम्ममा सम्पन्न गर्ने लक्ष्य लिइएको थियो । यस आयोजनाको कार्य प्रगति सन्तोषजनक हुन नसक्नुमा लोकमार्गमा पर्ने घर/टहरा, जग्गा जमिनको मुआब्जा सम्बन्धी विवाद र वन कार्यालयबाट रुख कटानीको स्वीकृति प्राप्त गर्न पूरा गर्नुपर्ने लामो प्रक्रिया मुख्य समस्याको रुपमा रहेका छन् । यस आयोजनाबाट कुल १५०० जनाले रोजगारी प्राप्त गरेका छन् ।

(घ) **मध्य पहाडी लोकमार्ग :**पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तरगत गण्डकी प्रदेशको गोरखा-लमजुङ् खण्डमा पर्ने १११ कि.मि. मध्ये २५ प्रतिशत कार्य सम्पन्न भई बाँकीको निर्माणकार्य धमाधम भइरहेको छ भने कास्की-पर्वत-बाग्लुङ् खण्डमा पर्ने २४५ कि.मि. मध्ये ६० प्रतिशत कार्य सम्पन्न भई बाँकी निर्माण कार्य धमाधम भइरहेको छ ।

**अन्य आयोजनाहरु**

(क) **तनहुँ जलविद्युत आयोजना :** तनहुँ जिल्लामा १४० मेगावाट क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत आयोजनाको बाँध निर्माण कार्यको ठेक्का सम्झौता हुने चरणमा छ । यस आयोजनाका लागि जग्गा अधिग्रहणको मुआब्जा वितरण काम सम्पन्न भइसकेको छ भने आयोजनामा पावर हाउसको टनेल र प्रवेश द्वारको सुरुङ खन्ने कार्य भइ रहेको छ । आयोजनाको अनुमानित लागत रु. ५५ अर्ब रहेको छ भने यस आयोजनाबाट कुल ४५० जनाले रोजगारी प्राप्त गरेका छन् ।

## ५.२ पूर्वाधार क्षेत्रका समस्या, चुनौती तथा सम्भावनाहरु

**समस्या तथा चुनौतीहरु**

- सडक, सिँचाई, खानेपानी र सञ्चार लगायतका पूर्वाधार निर्माण सम्बन्धी कार्यहरुमा विभिन्न सरोकारवाला निकायहरुबीच आपसी समन्वयको अभावमा निर्माण खर्चमा दोहोरोपना आउने गरेको तथा व्यवस्थित अभिलेख समेत नरहने हुँदा मितव्ययिता अपनाउने कार्यमा चुनौती सिर्जना भएको छ ।
- पूर्वाधार क्षेत्रका आयोजनाहरु निर्माणको क्रममा घर/जग्गा मुआव्जा सम्बन्धी विवादको शीघ्र समाधान र स्थानीयहरुबाट हुने विभिन्न किसिमका मागहरुको सम्बोधन गर्न विलम्व हुने कारणले आयोजना समयमै सम्पन्न हुन नसक्ने तथा लागतमा वृद्धि हुने चुनौती रहेको छ ।
- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड–१९ को संक्रमण दरको जोखिम अझै पनि उच्च रहेको हुँदा राष्ट्रिय गौरबका आयोजना तथा पूर्वाधारको क्षेत्रमा आवश्यक कामदार, विशेषज्ञहरुको उपलब्धता नहुनु साथै आवश्यक कच्चा पदार्थ, मेशिन र उपकरणको सहज आपूर्ति नहुनु, विस्फोटक पद्धार्थ समयमा आउन नसक्नु जस्ता समस्याहरु रहेका छन् ।

**सम्भावनाहरु**

- गण्डकी प्रदेशमा जलविद्युत उत्पादनको उच्च सम्भावना रहेको छ । स-साना आयोजनादेखि १२०० मेगावाटको बुढीगण्डकी जलविद्युत आयोजना निर्माणको प्रक्रियामा रहेका छन् । अन्य धेरै आयोजना निर्माणाधीन अवस्थामा पनि छन् ।
- सप्तगण्डकीका सहायक नदीहरुमा अन्य जलविद्युत आयोजनाहरु सञ्चालन गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- पर्यटन क्षेत्र यस प्रदेशको आर्थिक मेरुदण्ड रहँदै आएको छ । पर्यटकीय पूर्वाधार र केबुलकारको उच्च सम्भावना रहेको छ ।
- उत्तर दक्षिण लोकमार्गको रुपमा रहेको कालीगण्डकी करिडोरले यस प्रदेशलाई उत्तरमा कोरला नाकामार्फत चीनसँग र दक्षिणमा त्रिवेणी नाकामार्फत भारतसँग अन्तर्राष्ट्रिय व्यापारको ढोका खोलिदिने भएकोले यसको निर्माण सम्पन्न भएपश्चात् यस प्रदेशको वैदेशिक व्यापारमा ठूलो टेवा पुग्ने सम्भावना रहेको छ ।
- पृथ्वी राजमार्गको मुग्लिङ्ग-पोखरा खण्डलाई ४ लेनमा स्तरोन्नति गर्न एशियाली विकास बैंकसँग ऋण सम्झौता भइसकेको सन्दर्भमा उक्त कार्य सम्पन्न भएपछि यस क्षेत्रको समग्र विकासमा थप सहयोग पुग्ने देखिन्छ ।
- यस प्रदेशमा निर्माणाधीन राष्ट्रिय गौरव तथा अन्य परियोजनाहरुको हालसम्मको भौतिक प्रगति उल्लेख्य देखिएको र रोजगारीमा पनि बढोत्तरी हुने देखिएको हुँदा तोकिएको समयमा सम्पन्न गर्न सकेको खण्डमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य वृद्धि हुने सम्भावना रहेको छ ।

# परिच्छेद ६

# आर्थिक परिदृश्य

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप नेपाल सरकारबाट लगाउन सुरु भएको, दैनिक संक्रमित संख्यामा कमी आउँदै गएको एवम् सम्पूर्ण आर्थिक गतिविधिहरु सुचारु हुँदै जान थालेकाले कृषि, उद्योग तथा सेवा क्षेत्र लगायत समग्र आर्थिक परिदृश्य सुधारोन्मुख देखिन्छ । सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरुसँग गरिएको छलफल तथा अन्तरक्रियाका आधारमा चालु वर्षको बाँकी अवधिमा कृषि, उद्योग, सेवा तथा पूर्वाधार क्षेत्रको परिदृष्य देहाय बमोजिम रहने देखिन्छ ।

## ६.१ कृषि क्षेत्र

आर्थिक वर्ष २०७७/७८ को ६ महिनामा कोरोना भाइरस (कोभिड-१९) को महामारी कम भई नेपाल सरकारबाट खोप प्रयोगमा ल्याइसकेको हुनाले व्यवसायिक कृषि गतिविधिमा क्रमिक रुपमा वृद्धि हुने देखिएको छ । साथै, मौसम अनुकूलता, ढुवानी, मलखाद, बीउ बीजन लगायतका आवश्यक सामानहरुको सहज आपूर्ति भएकोले कृषि क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिन्छ ।

## ६.२ उद्योग क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोप प्रयोगमा ल्याइसकेको, नयाँ मेसिनको जडान र औद्योगिक गतिविधि विस्तार हुन लागेको कारण उत्पादनशील उद्योगहरुको उत्पादन बढ्ने देखिन्छ । सिमेन्ट र ईट्टाको उत्पादन वृद्धि हुने देखिएको छ ।  प्रशोधित दूधको उत्पादन बढ्ने देखिन्छ भने तोरीको तेलको उत्पादन यथास्थितिमा रहने देखिन्छ ।

## ६.३ सेवा क्षेत्र

कोरोना भाइरस (कोभिड-१९) को दोस्रो लहरको हल्ला सँगै पर्यटन क्षेत्र चालु आर्थिक वर्ष भरि नै प्रभावित रहने देखिन्छ । कोरोना भाइरस (कोभिड-१९) को खोप नेपाल सरकारबाट प्रयोगमा ल्याइसकेको हुनाले यातायात, शिक्षा, आदि सेवा क्षेत्रमा सुधार आउने देखिन्छ ।

## ६.४ पूर्वाधार क्षेत्र

पूर्वाधार क्षेत्रमा निर्माण सम्बन्धी सामाग्रीको सहज आपूर्ति भएता पनि दक्ष मजदुरहरुको सहज उपस्थिति भैनसकेको हुँदा पूर्वाधार सम्पन्न हुने समय र लागत बढ्ने देखिएको छ ।

***